आज मिति २०७७/१२/१६ गते सोमबारका दिन थलारा गाउँपालिका गाउँ कार्यपालिका अध्यक्ष श्री भुवनेश्वर उपाध्याय ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसि तपससिका उपस्थितिमा तपसिका निर्णयहरु गरियो ।

तपसिल :

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भुवनेश्वर उपाध्याय | अध्यक्ष | |
| २ | गंगु देबि खडायत | उपाध्यक्ष | |
| ३ | धर्मराज भट्ट | सदस्य | |
| ४ | हेम बहादुर खडका | सदस्य | |
| ५ | गणेशराज जोशी | सदस्य | |
| ६ | बिष्णु बहादुर बिष्ट | सदस्य | |
| ७ | दिर्घराज जोशी | सदस्य | |
| ८ | अनिल बिष्ट | सदस्य | |
| ९ | भिम बहादुर रोकाया | सदस्य | |
| १० | दिल बहादुर सिंह | सदस्य | |
| ११ | मोहनराज जैशी | सदस्य | |
| १२ | रामदल बि.क. | सदस्य | |
| १३ | श्याम सुनार | सदस्य | |
| १४ | हिरा थापा | सदस्य | |
| १५ | हिरा सुनार | सदस्य | |
| १६ | रेखा खड्का | सदस्य | |
| १७ | निर्मला कुमारी थापा बिष्ट | सदस्य | |
| १८ | पदम बहादुर ओली | सदस्य सचिब | |

अन्य उपस्थिति :

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

निर्णय नं १: यस थलारा गाउँपालिकाको लागि आबश्यक पर्ने १० सैयाको आधारभुत अस्पताल निर्माणका लागि जमिन छनौटका लागि यस गाउँपालिकाको वडा नं ६ गुर्गै मा पर्ने जमिनमा भवन निर्माणका लागि आबश्यक पर्ने जमिन छनौट गरि थलारा गाउँपालिका आधारभुत अस्पतालको नाममा नामसारी गर्ने निर्णय गरियो ।

निर्णय नं २:गत आर्थिक बर्ष अषाढ २५ गते पछी बिदेश बाट आएका र क्वारेन्टाईन बसि खाना खर्च भुक्तानि गर्न बाँकीरहेका हरुको भुक्तानि गर्ने निर्णय गरियो ।

निर्णय नं ३: यस गाउँपालिका भित्ररहेका ब्यापार ब्यबसाय गरिरहेका गाउँपालिकामा दर्ता नभएका ब्यापारी हरुलाई ब्यबसाय दर्ता गराउनका लागि पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं ४:चालु आ.ब.मा बिनियोजित आयोजनाहरुको हाल सम्म पनि सम्झौता गर्न बाँकीरहेका योजनाहरु यही २०७७ चैत्र महिना भित्र सम्झौता गरिसक्नु पर्ने निर्णय गरियो ।

निर्णय नं ५:यस गाउँपालिकाका पाखो जमिनहरुमा खडेरीका कारणले गहुँबालि नष्टभएकाले भोकमारी भएकाले भोकमारीका लागि खाद्यन्न उपलब्ध गराउनका लागि प्रदेश तथा संघ सरकार लाई सहयोगका लागि अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ६:यस गाउँपालिकामा भोजभागिरथी ट्रष्टलाई कृषि,पर्यटन,शिक्षा, स्वास्थ्य र औद्योगिक क्षेत्रमा कामगर्नका लागि ट्रष्टकोलाई अनुमति दिने साथै ट्रष्टले गर्ने उक्तकार्यहरुमा गाउँपालिकाले सहकार्य गर्ने निर्णय गरियो ।

निर्णय नं ७ : यस गाउँपालिकामा संचालनमा रहेका चारपाङ्ग्रे सवारी साधान टयाक्टर र जिप लाई गाउँपालिकामा दर्ता गराउनका लागि पत्राचार गर्ने निर्णय गरियो ।